# फेदीखोला गाउँपालिका, स्याङ्जाको
# आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

गाउँपालिकाका उपाध्यक्षज्यू तथा गाउँसभाका सदस्यज्यूहरु,

संघीयताको कार्यान्वयनको मुख्य द्योतक तीन तहका सरकारहरुले बार्षिक रुपमा नीति तथा कार्यक्रम एवम् बजेट जनताको प्रतिनिधिमूलक संस्थामा पेश गरी स्वीकृत गराइ लागू गर्ने सन्दर्भमा फेदीखोला गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रमलाई आजको यस गाउँ सभामा पेश गर्ने अवसरमा सर्बप्रथम आजको शासन व्यवस्थासम्म राष्ट्रको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुलाई स्मरण गर्दै श्रद्धासुमन व्यक्त गर्न चाहन्छु।

गरिमामय सभाका सदस्यज्यूहरु,

स्थानीय स्तरमै व्यवस्थापिका, कार्यपालिका र न्यायिक समितिको संरचना सहित जनताको नजिकको सरकारको रुपमा स्थापित स्थानीय सरकारसँग न्यून स्रोतसाधनको उपलब्धतामा चुलिँदो र सिमाविहीन जनअपेक्षाहरुको सम्बोधन गर्नुपर्ने मुख्य चुनौतिको सामनामा हामीहरुको नीतिगत दृढता र कार्यगत एकता हुनु अपरिहार्य हुन्छ। जनताको सर्बाङ्गिण विकास र समृद्धि, सेवा प्रबाहमा सरलता, सहजता, कार्य प्रक्रियामा स्पष्टताको अभिवृद्धि गर्दै विकासका कार्यक्रमहरुलाई अझ प्रभावकारी बनाउनु हामी सबैको साझा दायित्व हुन्छ। नविनतम अभ्यासको रुपमा हामीले विगतदेखि सामाजिक विकास क्षेत्र विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत उल्लेख्य लगानी गरेका नविनतम कार्यनीतिहरुका साथै कृषि एम्बुलेन्स, न्युनतम समर्थन मुल्य, उत्पादनमा आधारित अनुदान, बाँझो जग्गामा खेती गर्नेलाई अनुदान, बार्षिक कृषि मेला तथा प्रदर्शनी, युवा उद्यम कार्यक्रम, मजदुर सञ्चित कोष जस्ता कार्यक्रमहरुलाई प्रवर्द्धन गर्दै चालु आ.व. २०८०/०८१ देखि शुरु गरेका कृषि तथा पशु क्षेत्रमा विमा, रैथाने वाली संबर्द्धन र प्रवर्द्धन, पर्यटन पूर्वाधारहरुको विकास, भूमिको बर्गिकरण पछिको भूमि बैङ्क स्थापनाको सोच, असाध्य रोगहरुको घरदैलोमा परिक्षण, विद्यार्थीहरुको स्टार्ट अप बैङ्क खाता, Beat Plastic Polution, अनौपचारीक क्षेत्रका मजदुरहरुको सामाजिक सुरक्षा कोषमा आबद्धता, योगाभ्यास, ध्यान, प्राणायाम तथा सकारात्मक जीवनशैली विकास, गाउँपालिकास्तरीय मोटरबाटोहरुको लगतकट्टा गरी

व्यवस्थीकरण, मोटरेवल पुलहरुको निर्माणमा जोड, व्यवस्थित र सुरक्षित भवन तथा आवास संरचनाहरुको निर्माणमा सचेत रही सम्पत्ति कर प्रणाली कार्यान्वयन गर्नु, जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्दै लागि सार्बजनिक सेवा प्रणालीलाई प्रविधिमैत्री बनाउँदै लगि राजश्व परिचालन र वित्तीय व्यवस्थापनमा चुस्तता ल्याउन अवलम्बन गरिएका नीतिहरुको थप कार्यक्रम सहित कार्यान्वयनमा लैजानु हाम्रो जिम्मेवारी हुनेछ। विगतका यस्ता अनुकरणीय नीति तथा कार्यक्रमहरुको निरन्तरता सहित यस बर्ष उपयुक्तताको आधारमा न्यून बजेट स्रोतले सम्बोधन गर्न सकिने खालका थप बार्षिक नीति तथा कार्यक्रम यस सभासमक्ष प्रस्तुत गर्न चाहन्छु।

गरिमामय सभाका सदस्यज्यूहरु,

गाउँपालिकामा निर्माणाधिन ४ तले आधुनिक प्रशासनिक भवन, १५ शैयाको अस्पताल, मुख्य सडक खण्डहरुको विस्तार जस्ता बहुवर्षिय योजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउन संघ तथा प्रदेश सरकारबाट समयमै पर्याप्त बजेट उपलब्ध नहुँदा हामी जस्ता आन्तरिक स्रोत न्यून हुने स्थानीय सरकारहरुको सवलीकरणमा संघ सरकार र प्रदेश सरकारले छुट्टै नीतिगत संरक्षण गर्नुपर्दछ, तवमात्र नेपालको संविधानको धारा २३२ मा भनीए जसरी संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने कथ्यले सार्थकता प्राप्त गर्दछ।

गरिमामय सभाका सदस्यज्यूहरु,

स्थानीय सरकारहरुले संविधान प्रदत्त अधिकारको प्रयोग गरिरहँदाको यस अवस्थामा फेदीखोला गाउँपालिकाले सामाजिक, आर्थिक, पूर्वाधार, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रहरुमा जनआकांक्षा अनुसार स्रोत साधनको उपलब्धता अनुसार धेरै नै संरचनाहरु तयार गर्न समर्थ हुनुमा दीर्घकालीन सोचका रुपमा अंगीकार गरिएको वि.सं. २१०० सम्ममा **समृद्ध फेदीखोला, सुखी फेदीखोलावासी**को परिकल्पना, आ.व. २०७७ मा लिईएको फेदीखोला गाउँपालिकाको बस्तुगत र तथ्यगत वृहत् घरधुरी सर्वेक्षणको तथ्याङ्कको आधारमा निर्माण गरिएको **फेदीखोला गाउँपालिकाको २० बर्षे एकीकृत विकास गुरुयोजना (२०७८/०८९-२०९७/०९८),** आवधिक कृषि योजना नीतिगत मार्गदर्शनका आधारमा तयार गरी लागु गरिने बार्षिक नीति तथा कार्यक्रम एवम्

बजेटको तर्जुमा र कार्यान्वयनले सम्भव भएको हुँदा सोही मार्गदर्शनका आधारमा आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। आगामी आ.व. २०८१/०८२ को यो नीति तथा कार्यक्रममा गरिबी निवारणका लागि राखिएका दीर्घकालिन सोचहरुलाई साकार पार्न नेपाल सरकारको सोह्रौं योजनाको सोच सुशासन, सामाजिक न्याय र समृद्धि तथा गण्डकी प्रदेश सरकारको दोस्रो पञ्च वर्षीय योजनासँग तादम्यता कायम गरिएको छ भने दिगो विकासका लक्ष्यहरु सन् २०३० सम्ममा प्राप्त हुने गरी आत्मसात गर्दै प्रस्तुत नीति तथा कार्यक्रममा बुँदागत रुपमा लिपिबद्ध गरी आन्तरिकीकरण र स्थानीयकरण गर्दै विगतमा सञ्चालित नमुना कार्यक्रमहरु र थालनी गरिएका बहुवर्षीय योजनाहरु सँगसँगै त्यस अवधिका सिकाई, भोगाइबाट पृष्ठपोषण लिई वर्तमान जनअपेक्षाको सम्बोधन गर्न थप नयाँ स्रोतको पहिचान र अधिकारको प्राथमिकता बमोजिम आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

## <u>१. आर्थिक विकास क्षेत्र</u>

### १.१ कृषि विकास, पशुपन्छी विकास र पशुस्वास्थ्य सेवा

१.१.१ गाउँपालिका भित्र रहेका किसानहरुलाई **किसान सूचिकरण कार्यक्रम** मार्फत बर्गिकृत रुपमा सूचिकृत गरी परिचय पत्र बाहक कृषि कर्ममा संलग्न किसानहरुको समस्या, सुझाब र गुनासोलाई किसान कल सेन्टर मार्फत सम्बोधन गर्दै खेतवारीमा नै प्राविधिकद्वारा प्रत्यक्ष निगरानी एवम् परामर्श दिने प्रणाली सुनिश्चित गरी मौजुदा उत्पादन र उत्पादकत्वको अवस्थामा वृद्धि गरिनेछ। (दि.वि.ल. २.४)

१.१.२ कृषकहरुद्वारा उत्पादित कृषि उत्पादनको बजारीकरण गर्न तथा किसानलाई कृषि उपजको उचित दरभाउ प्राप्तिको सुनिश्चतता दिँदै उत्पादित कृषि बस्तु बजारसम्म कृषि एम्बुलेन्स द्वारा ढुवानीको सुनिश्चितता दिँदै कृषि कर्मलाई मर्यादित र व्यवसायिक बनाई उत्पादन एवम् उत्पादकत्व दुबै वृद्धि गरी कृषकहरुलाई विचलित हुन नदिई थप प्रोत्साहन गर्न कार्यान्वयनमा ल्याइएको उत्पादनमा आधारित प्रति एकाई अनुदान कार्यक्रममा आगामी आर्थिक बर्ष देखि महको उत्पादन समेतलाई समाबेश गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम र न्युनतम समर्थन मुल्य अनुदान कार्यक्रमलाई कृषि सहकारीहरु मार्फत निरन्तरता दिईनेछ। (दि.वि.ल. २.४ र २ग)

१.१.३ कृषियोग्य बाँझो जमिनमा खनजोत गरी कृषि उत्पादन क्षेत्रमा बिस्तार गरी उत्पादनमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा तथा पोषणलाई बढावा दिँदै खाद्य बस्तुको आयातमा न्युनीकरण गर्ने उद्देश्यले आ.व. २०७६/०७७ देखि सञ्चालित बाँझो जग्गामा खेती गर्नेलाई दिईने गरिएको नगद प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी अनुगमन र सो को पृष्ठपोषणको आधारमा आगामी वर्ष पनि निरन्तरता दिईनेछ।

१.१.४ बाँझो तथा खेतीयोग्य जग्गाको लगत राखी भूमी बैंक स्थापना मार्फत व्यवसायीक कृषक एवम अगुवा कृषिका साथै उत्पादन कार्यमा संलग्न हुन चाहने व्यक्ति तथा संघ संस्थालाई सुलभ दरमा भाडामा उपलब्ध हुने गरी भूमी व्यवस्थापन गरिनेछ। खेतीयोग्य जमिनमा खेती नगर्ने तथा भूमी वैङ्कमा पनि वाँझो जग्गा समावेश गर्न नचाहने जग्गाधनीलाई खेतीयोग्य जमिन वाँझो राखे वापत तोकिए बमोजिम कर लगाईनेछ। (दि.वि.ल. २.१, २.३ र २.४)

१.१.५ स्थानीय स्तरमा कृषि क्षेत्रको तथ्याङ्क अध्यावधिक गर्दै कृषि विकास सम्वन्धी प्रविधिको गुणात्मक विस्तार गर्न कृषि स्वंयसेवक परिचालन कार्यविधि मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ।

१.१.६ हाल उत्पादन भईरहेका, स्थानीय रुपमा सम्भाव्यता भएका एवम् तुलनात्मक लाभ दिने खाद्यान्न, तरकारी, फलफूल नगदे र औद्योगिक वालिहरु र विशिष्ट अवसरहरुको उपयोग हुने गरी उपयुक्त कृषि प्रविधिहरुको मैत्रीपूर्ण अवलम्बन तथा प्रसारका साथै कृषि कार्यमा यान्त्रिकिकरण, आधुनिकीकरण, व्यवसायीकरण तथा विविधिकरणलाई प्रवर्द्धन गर्ने प्रणालीलाई बढवा दिई कृषि उत्पादनलाई प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ तथा ब्राण्डिङ गरी विक्री वितरण गर्न चाहने उद्योगी व्यवसायीहरुलाई राजस्व रकममा छुट दिने र आवश्यक मेसिनरी सामानहरुमा कृषकहरुको लागत साझेदारीमा उपलब्ध गराउने रणनीति लिई प्राविधिक परामर्श सेवा लगायतका अन्य आवश्यक पूर्वाधारहरुमा सहयोग गरिनेछ। (दि.वि.ल. २क)

१.१.७ कृषि उत्पादनको व्यवसायिकरणका लागि स्थापना भएका तरकारी, मौरी, मकैको विउ, मसलावाली, विउ उत्पादन, फलफूल, बंगुर तथा बाख्रा पकेटको गुणस्तरताको अभिवृद्धि गर्दै मात्रात्मक उत्पादनलाई प्रवर्द्धन गरी प्राथमिकतासाथ

निरन्तरता दिई सम्भाव्यताको आधारमा पुनःताजगी गर्दै स्तरीकृत रुपमा थप संख्या र क्षेत्र वृद्धि गरी निर्यातमुलक नीति लिइनेछ । (दि.वि.ल. २.१ र २.४)

१.१.८ गाउँपालिका क्षेत्रभित्र सुन्तलाजात पकेट विकास कार्यक्रम सन्चालन भएका क्षेत्रहरुमा वीमा साना सिचाई कार्यक्रम र प्रविधि तथा मागमा आधारित कार्यक्रममा साझेदारी गरिनेछ।

१.१.९ गाउँपालिकाको साझेदारीमा निर्माण भएका वडा नं. १ सर्केटारीमा स्थापित २० टन र १० टन क्षमताका दुई चिस्यान केन्द्रहरुको प्राविधिकीय पक्षको क्रमिक स्तरोन्नती गरिनेछ। (दि.वि.ल. २क)

१.१.१० उन्नत नश्लका पशुको संख्यात्मक र गुणात्मक उत्पादन बृद्धि गर्न सञ्चालन भइरहेको कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निशुल्क गराइरहेको थप प्रभावकारी रुपमा सम्पादन गरिनेछ । साथै पशुपालक कृषकहरुलाई थप उत्साहित एवम् गुणस्तरीय र मात्रात्मक उत्पादनको लागि घाँस खेती हुने सम्भावित क्षेत्रहरुलाई घाँस खेती पकेट क्षेत्रको रुपमा विकास गरी उत्पादित घाँसलाई उचित संरक्षण तथा भण्डारणको व्यवस्था गरिनेछ।

१.१.११ फेदीखोला -३, भाटखोला खोलाखेतमा सन्चालित मोडल माछा फर्मबाट गुणात्मक र मात्रात्मक रुपमा माछा प्रवर्द्धन तथा उत्पादन र वजारीकरण गर्न गराउन सम्बन्धित सहकारी संस्थाको सहकार्यमा प्रभावकारी रुपमा कार्यान्वयन गर्रिदै लगिनेछ।

१.१.१२ हाल संचालनमा रहेका हाइटेक नर्सरीको उत्पादन क्षमतालाई वृद्धि गर्न थप प्लाष्टिक टनेल, असिना छेक्ने जाली, थोपा सिँचाई प्रविधि, घैटो तथा पोखरीमा आकाशे पानी संकलन, मल्चिङ लगायत अन्य आधुनिक प्रणाली तथा प्रविधि आवश्यक किसानहरुको पहुँच पुऱ्याउन आर्थिक तथा प्राविधिक सहयोगलाई निरन्तरता दिइनेछ। (दि.वि.ल. २क)

१.१.१३ रासायनीक मल र विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै प्राङगारिक खेती प्रणालीलाई व्यापक रुपमा प्रवर्द्धन गर्ने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

पहिचान भएका र पहिचान हुन सक्ने रैथाने वालीहरुको संरक्षण, प्रबर्द्धन र खेती विस्तार कार्यक्रम सञ्चालनका साथै बेमौसमी तरकारी बालीहरुको उत्पादन बढाउन तथा कृषक पाठशाला, वाली/माटो उपचार शिविर अभियानका रुपमा सञ्चालन गरी प्राङ्गारिक खेतीलाई निरन्तरता दिइनेछ **(दि.वि.ल. १२.४, १४.१ र १५.३)**

१.१.१४ दुग्ध एवम् दुग्ध जन्य पदार्थ उत्पादन गरी विक्री वितरणमा जुटेका कृषकहरु, फर्महरु र सहकारीहरुलाई प्रोत्साहन गर्न स्तरिकरण, भण्डारीकरण तथा वजारीकरणमा लागत सहभागिता जनाउदै नियमित निशुल्क प्राविधिक परामर्श सेवा उपलब्ध गराईनेछ। साथै हलगोरू पाल्ने किसानहरुलाई नगद प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिईनेछ।

१.१.१५ गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा बाँदरले समुदायमा पारेको चुनौती एवम् समस्यालाई न्यूनिकरणको लागि कृषि हेरालो जस्ता कार्यक्रम सन्चालन गरिनेछ।

## १.२ वित्तिय क्षेत्र तथा सहकारी

१.२.१ फेदीखोला गाउँपालिकाको सहकारी ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता भएका वा सूचीकृत भएका बचत तथा ऋण सहकारी संस्थाहरु (कृषि सहकारीहरु समेत) को निर्णय प्रक्रिया, जिन्सी अभिलेखन, कार्यालय व्यवस्थापनलाई चुस्त, दुरुस्त बनाउने एवम् लेखा प्रणालीलाई व्यवस्थित गर्न लेखा सफ्टवयर संचालनका लागि सहकारीका जनशक्तिहरुलाई तालिम दिने एवम् सहकारीहरुको कुशल व्यवस्थापन तथा सुशासनका लागि सहकारीहरुको क्षमता अभिवृद्धि गर्दै लगिने नीति लिइने छ। **(दि.वि.ल. ८.१०)**

१.२.२ बैङ तथा वित्तीय संस्थाहरुले बहन गर्ने सामाजिक उत्तरदायित्वको कार्यमा समन्वय र सहजीकरण गर्दै सहकार्य गरीने नीतिलाई निरन्तरता दिइनेछ। साथै समान उद्देश्यका सहकारीहरुलाई मर्ज गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै उत्पादनशिल र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ। साथै नियमित बचत नगर्ने, लामो अवधिसम्म कुनै केही कारोवार वा अभिलेखन नगर्ने सहकारी संस्थाहरुलाई आवश्यक नियमन गरिनेछ ।

१.२.३ नियामक निकायहरुको समन्वय, सहजीकरणमा बैङ तथा वित्तीय संस्थाहरुसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै बैंकिङ्क तथा वित्तीय सेवामा हरेक नागरिकको पहुँचलाई वृद्धि गर्न एक परिवार एक बैंक खाता अभियानलाई थप व्यवस्थित गर्दै क्रमिकता दिइने छ।साथै चालु आ.व. देखि शुरु गरिएको सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरुको Start Up Fund खाता कार्यक्रमलाई निरन्तरता दिइनेछ। **(दि.वि.ल. ८.१०)**

## १.३ उद्योग

१.३.१ सार्वजनिक नीजि साझेदारी तथा लगानीलाई उत्पादन वृद्धि एवम् रोजगार सृजना हुने गरी उपयोग गर्न लगानी योग्य आयोजनाहरुको पहिचान र दिगो कार्यान्वयनका लागि साझेदार संस्थाहरुसँग लगानीमा सहकार्य गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था सहित लगानी सम्मेलन गरिनेछ। **(दि.वि.ल. १७.१७)**

१.३.२ गरिबी निवारणका लागि सञ्चालित लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गमा पुगी नयाँ उद्यमी संख्या बढाउने गरी लघु उद्यम विकास कार्यक्रमलाई थप निरन्तरता दिइनेछ । **(दि.वि.ल. ९.३)**

१.३.३ उद्यम व्यवसाय गर्ने योजना बनाएका गरिव विपन्न बर्ग, महिला, असहाय, अपाङ्गता भएका व्यक्तिहरु, पछाडी परेका समुदाय र वेरोजगार जो कोहीलाई व्यवसायीक कार्य योजनाको विस्तृत विवरणका आधारमा आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।साथै कोशेली घर स्थापना तथा सन्चालन गरिनेछ। **(दि.वि.ल. ८.३)**

१.३.४ स्थानीय र राष्ट्रिय बजारमा बढ्दो अवसरलाई विश्लेषण गरी व्यवसायिक सीप विकास तालिमसँग सहकार्य गर्दै लक्षित बर्गको पहिचान र प्राथमिकीकरण गरी व्यवहारिक सीपयुक्त तालिम प्रदान गरिनेछ । **(दि.वि.ल. ८.६)**

१.३.५ फेदीखोला गाउँपालिकाको औद्योगिक नीति र ऐन निर्माण गरिनेछ । गत आर्थिक वर्षमा सम्पन्न गरिएको फेदीखोला गाउँपालिकाको भू-उपयोग योजना तथा भूमिको बर्गीकरणको आधारमा फेदीखोला गाउँपालिकाको औद्योगिक ग्रामको

सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार औद्योगिक ग्राम स्थापनाको लागि जग्गा प्राप्त गरी औद्योगिकरणको प्रवर्द्धन गरिनेछ ।(दि.वि.ल. ९ख) (दि.वि.ल. ९.२)

१.३.६ रैथाने बाली (कोदो)बाट स्थानीय रुपमा उप्पादित मदिराको उत्पादन, स्तरीकरण, ब्राण्डीङ्ग र बजारीकरण गर्न नीतिगत सरलीकरण र सहजीकरण गरिनेछ।

## १.४ पर्यटन

१.४.१ राष्ट्रिय स्तरमा परिचित भालूपहाडलाई एक स्वप्निल पर्यटकीय स्पटको रुपमा विकास गर्ने अवधारणा साथ सुरु गरिएको भालूपहाड एकीकृत पर्यापर्यटकीय केन्द्र निर्माण तथा सञ्चालन कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। भालु पहाडको पर्यटकीय सौन्दर्यताको अवलोकन गर्न आउने पर्यटकहरुलाई सहजीकरण गर्न एवम् पर्यटकहरुसँग पर्यटन शुल्क लिने कार्यमा पर्यटक स्वयमसेवक (कर्मचारी) परिचालन गरिनेछ। पर्यटक स्वयमसेवकको व्यवस्था नगरिँदा सम्म नगर प्रहरीको समन्वयमा यो काम गरिनेछ। (दि.वि.ल. ८.९)

१.४.२ गोर्खा योद्धाहरुको स्मरण गराउने उद्देश्यले फेदीखोला गाउँपालिका वडा नं. -१ साल्मेडाँडामा निर्माणाधिन गोर्खा स्मारक पार्क निर्माणमा पूर्णता दिई गाउँपालिकाले सञ्चालन गर्न सरोकारवालासँग समन्वय गरिनेछ ।

१.४.३ आन्तरिकका साथै बाह्य पर्यटकहरुको आगमनमा बृद्धि गराउन गाउँपालिका क्षेत्रमा भएका घरबास (Home Stay) हरुको गुणस्तर बृद्धि गरी स्थानीय मौलिक संस्कृति, भेषभुषा, रहनसहनको प्रवर्द्धन हुने गरी एवम् स्थानीय उत्पादनको उपभोग बढाई घरबास प्रणालीको खाद्य संस्कृतिलाई गाउँपालिकाको ब्राण्डिङको रुपमा अभिवृद्धि गर्ने नीति कार्यान्वयन गरिनेछ। (दि.वि.ल. ८.९)

१.४.४ फेदीखोला गाउँपालिकाक्षेत्रभित्र प्याराग्लाइडिङ, जिपलाइन, बन्जी जम्पिङ, क्यानोनिङ, रक क्लाईम्बिङ सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी सार्बजनिक निजि लागत सहभागिताको लागि सहयोगी निकायको खोजी गर्न समन्वय गरिनेछ। (दि.वि.ल. ८.९)

१.४.५ प्राकृतिक विविधता युक्त पर्यटकीय गतिविधीलाई प्राथमिकीकरण गरि पर्यटन क्षेत्रलाई थप चलायमान बनाउन नेपाल पर्यटन बोर्ड र पर्यटन व्यवसायीहरु, लगायत सहयोगी संस्थाहरुसँगको सहकार्यमा फेदीखोला एकिकृत पर्यटन विकास प्याकेज कार्यक्रम लागू गरिनेछ। (दि.वि.ल. ८.९)

१.४.६ माछापुच्छ्रे भ्यू पोईन्ट र जोढुङ्गा हरित पार्कलाई गाउँपालिकाले निर्माण गरेको गुरुयोजना अनुसार पर्यटन क्षेत्रमा व्यवस्थापकीय सुधार, प्रचारप्रसार, स्पष्ट कार्ययोजना लागू गरी पर्यटकीय सम्भाव्यतालाई संस्थागतरुपमा विकास गर्दै लगिनेछ। साथै फेदीखोला गाउँपालिकाको पर्यटनको सम्भाव्यता अध्ययन सहित समग्र प्रर्यटन क्षेत्रको विकास गर्न फेदीखोला पर्यटन विकास समिति गठन गरिनेछ ।

१.४.७ कृषि पर्यटनको अथाह सम्भावना बोकेको गाउँपालिकालाई कृषि, वन, वातावरण तथा जैविक विविधताको अध्ययन अनुसन्धान गर्ने थलोको रुपमा विकास गरिनेछ ।

१.४.८ नेपालकै पर्यटकीय राजधानी पोखरासँग जोडिएको गाउँपालिकालाई राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा परिचित गराउन फेदीखोला नेचर हाइकिङ सर्किट, फेदीखोला एडभेन्चरस् राउण्ड साइक्लिङ ट्रेल निर्माण कार्य शुरु गरिएकोले यस क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयारी गरी सोही अनुसार लगानी गर्न स्रोतको खोजी गरिनेछ। साथै फेदीखोला जङ्गल सफारी एण्ड बर्ड वाचिङ कार्यक्रम कार्यान्वयनमा लगिनेछ । (दि.वि.ल. ८.९)

१.४.९ बैदेशिक रोजगारीको शिलशिलामा फेदीखोला गाउँपालिका क्षेत्र बाहिर रहनु हुने फेदीखोला बासीहरुको समूहको सहकार्यमा सम्भाव्य पर्यटन क्षेत्रमा लगानी आकर्षित गरिने गरी नीतिगतरुपमा सरलीकरण, सहजीकरण र समन्वय गरिनेछ। फेदीखोलाको गाउँपालिकालाई अन्तराष्ट्रिय रुपमा परिचित पर्यटकीय सम्भावनालाई प्रचारप्रसार गर्न विभिन्न देशमा रहेका फेदीखोलावासीको समूहवाट फेदीखोला पर्यटन दुत नियुक्तीको लागि पहल गरिनेछ।

## २. सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा

२.१.१ फेदीखोला -१ गुर्दुममा गण्डकी प्रदेशसरकारद्वारा निर्माणधिन गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको भौतिक पुर्वाधारहरुको निर्माण कार्य शुरु भइसकेकोले स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ । (दि.वि.ल. ४.३ र ४.४)

२.१.२ गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको सहकार्यमा नविनतम विषय र प्रविधिलाई फेदीखोला गाउँपालिकाको भूगोल सुहाउँदो पाठयक्रम निर्माण गरि तथा मागमा आधारित शिपमुलक तालिमको व्यवस्थापनमा आवश्यक समन्वय र सहजीकरण गरिनेछ। (दि.वि.ल. ४.३ र ४.४)

२.१.३ विपन्न दलित तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक संकायतर्फ आर्कषण बढाउने उद्देश्यले वि.सं. २०७७ सालदेखि सञ्चालित डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ र विज्ञान विषयको पढाईमा प्रदान गर्रिंदै आइएको छात्रवृत्तिलाई निरन्तरतासँगै छात्रवृत्ती पाउने विद्यार्थी संख्यामा थप गरिनेछ । साथै अन्य विषयमा स्रोतको उपलब्धतानुसार छात्रवृती दिने नीति शुरुवात गरिनेछ।
(दि.वि.ल. ४.३, ४.४ र ४ख)

२.१.४ प्रत्येक सामुदायिक विद्यालयमा डिजिटल सिकाई प्रविधि अनिवार्य गर्न गराउन प्रति विद्यार्थी लागतको आधारमा विद्यालयलाई अनुदान प्रदान गरिनेछ। यस कार्यको लागि सम्बन्धित माध्यामिक विद्यालयमा कम्प्युटर विषय अध्यापनका लागि राखिएका आइ.टी. शिक्षकहरुको सहयोगमा उक्त कार्यक्रम सम्पादनमा थप जिम्मेवारी दिईनेछ साथै आइ.टी. शिक्षकहरुको तलबमा गाउँपालिकाबाट प्रदान गरिरहेको अनुदानलाई निरन्तरता दिइनेछ। (दि.वि.ल. ४.४)

२.१.५ शिक्षामा नियमितता, एकरुपता तथा गुणस्तर सुधारका लागि शैक्षिक क्यालेण्डरलाई प्राथमिकता दिई सोही बमोजिम निर्धारण भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२.१.६ गाउँपालिकाका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी विद्यार्थीहरुको स्वास्थ्य विमा गर्ने नीति लिइनेछ ।

२.१.७ छात्राहरुको महिनावारी स्वच्छताका लागि निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ।विद्यालयहरुमा सेनीटरी प्याड प्रविधिमैत्री रुपमा प्राप्त गर्न सञ्चालित भेण्डिङ मेसिन प्रयोगलाई अनुगमनका साथ प्रभावकारी रुपमा सन्चालन गरी निरन्तरता दिईनेछ। (दि.वि.ल. ३.७)

२.१.८ विद्यालयका बालबालिकाहरुलाई प्रदान गरिदै आइएको दिवा खाजा कार्यक्रमलाई स्थानीय रुपमा उत्पादित पोषणयुक्त खाद्य सामाग्रीहरुको खाद्य स्वच्छता कायम गर्दै उपभोग्य परिकार बनाई उपभोग गर्ने प्रवृतिलाई प्रश्रय दिई पोषण मैत्री विद्यालयको रुपमा प्रवर्द्धन गर्ने नीति लिईनेछ। (दि.वि.ल. २.१ र २.२)

२.१.९ शैक्षिक गुणस्तर बढाउन कार्यसम्पादन र क्षमतालाई केन्द्रविन्दुमा राखेर प्रत्येक सामुदायिक विद्यालयको प्रधानाध्यापकसँग गरिने कार्यसम्पादन करार सम्झौताको नीतिलाई निरन्तरता दिइनेछ। साथै विषयगत शिक्षकहरुले प्रधानध्यापकसँग सोही बमोजिम कार्यसम्पादन करार गर्ने कार्य सुरु गरिनेछ। कार्यसम्पादन करारवाट अपेक्षित नतिजाको आवधिक रुपमा मुल्याङ्कन गरी समिक्षा गरिनेछ। (दि.वि.ल. ४.१)

२.१.१० प्रतियोगितात्मक लिखित र प्रयोगात्मक परीक्षाको आधारमा प्रत्येक सामुदायिक आधारभूत र माध्यमिक तहका विद्यालयमा प्रधानाध्यापक नियुक्ती गर्ने नीति लिइनेछ । (दि.वि.ल. ४ग)

२.१.११ सामुदायिक विद्यालयलाई सवलिकरण गर्न संचालन तथा व्यवस्थापन खर्च दिने नीतिलाई निरन्तरता दिइने छ। साथै जिल्लाकै एक मात्र वालगृह अमोर सेवा नेपाल र फरक क्षमताका विद्यार्थीहरुलाई अध्यापन गराईरहेको कालाभैरव मा.वि.लाई सन्चालन व्यवस्थापनमा सहयोग गरिनेछ।

२.१.१२ मासिक रुपमा प्रदान गरिदै आइएको विद्यालय शिक्षक तथा कर्मचारीको तलब भत्तालाई सोही अनुसार निरन्तरता दिइनेछ । (दि.वि.ल. ४ग)

२.१.१३ विद्यार्थी जिवनदेखि नै आफ्नो भूगोल, भूगोल अन्तर्गत हुने कृषि उत्पादन तथा भूगोलमा रहेका धर्म, संस्कृति, जैविक विविधता, उद्यमशिलता तथा पर्यटकीय सम्पदा चिनाउन शैक्षिक सत्र २०७८ बाट अध्यापन गराइदै आइएको **हाम्रो फेदीखोला** नामको स्थानीय पाठ्यपुस्तकलाई व्यवहारीक प्रयोगको आधारमा प्राप्त पृष्ठपोषण अनुसार परिमार्जन गरिनेछ। साथै स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरुलाई प्रवोधिकरण गरिने नीती लिइनेछ। स्थानीय पाठ्यक्रम भएको पाठ्यपुस्तक विद्यार्थीलाई निशुल्क वितरण गरिनेछ। (दि.वि.ल. ४.७)

२.१.१४ सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन बमोजिमका सूचकहरुको आधारमा प्रत्येक बर्ष आधारभूत तह र माध्यमिक तहको एक एक विद्यालयलाई बर्ष उत्कृष्ट विद्यालयको रुपमा पुरस्कृत गर्ने नीति लिईनेछ।

२.१.१५ सामुदायिक विद्यालयहरुमा कार्यरत लेखापाल तथा लेखा सहयोगी कर्मचारीलाई विद्यालय लेखापालन र सार्वजनिक खरिद तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी सक्षम वनाईनेछ।

२.१.१६ निजी स्रोतका शिक्षकहरुलाई यस अघि प्रदान गरिदै आइएको ५० प्रतिशत पोशाक भत्तालाई निरन्तरता दिइनेछ ।

२.१.१७ मौजुदा स्वास्थ्यकर्मीको परिचालन र व्यवस्थापनवाट विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सन्चालन गरिनेछ। विद्यालयहरुमा स्वास्थ्य स्याहार कक्ष सँगसगै पोषण कर्नर कक्ष पनि निर्माण गरिनेछ।

२.१.१८ सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुमा निहित मौलिक ज्ञान अभिवृद्वी गर्न हरित बगैंचा निर्माण एवम् औषधिजन्य जडिवुटी रोपणमा लागत साझेदारीको रणनीति अपनाईनेछ।

२.१.१९ विद्यार्थीसँग अध्यक्ष कार्यक्रमलाई यस वर्ष पनि प्राथमिकतासाथ निरन्तरता दिइनेछ ।(दि.वि.ल. ४क)

२.१.२० विद्यालय मर्ज, स्थानान्तरण, कक्षा पुनरावलोकन, विषय सम्बन्धन जस्ता प्रावधानहरुलाई नीतिगत तहबाट नै प्रणालीगत बनाई निरन्तरता दिईनेछ। दरबन्दी मिलानको सन्दर्भमा जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने नीतिलाई अवलम्वन गरी प्रदेश सरकारको सहकार्यमा गाउँपालिकामा लिड स्कुलको अवधारणा अगाडी वढाईनेछ।

२.१.२१ शिक्षक दरबन्दी कम भएका सामुदायिक माध्यमिक विद्यालयमा शिक्षक अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ । (दि.वि.ल. ४ग)

२.१.२२ विद्यालयहरुको मौजुदा भौतिक संरचनालाई दिगोरुपमा व्यवस्थापन गर्ने नीति लिईनेछ। साथै भौतिक निर्माण सुधार गर्नुपर्ने विद्यालयहरुको नयाँ भवन निर्माणको लागि आगामी आर्थिक वर्षमा विनियोजित विशेष र समानिकरण बजेटबाट भवन निर्माण कार्यलाई शिघ्र निर्माण सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गरिनेछ। (दि.वि.ल. ४क)

२.१.२३ नवप्रर्वतन साझेदारी कोष कार्यक्रमवाट गत वर्षमा सम्पन्न सबै विद्यालयलाई एउटै नेटवर्क र एउटै सफ्टवयर फ्रेमवर्कमा आबद्ध गराईएको संरचनालाई दिगोपना दिइने रणनीति लिइनेछ ।

२.१.२४ विपदका समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

२.१.२५ नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नीतिको परिपूरणको लागि प्रारम्भिक बाल विकास सहजकर्ताको तलब/पारिश्रमिकमा दिईएको अनुदानलाई निरन्तरता दिइनेछ ।साथै आवश्यकता र प्राथमिकताका आधारमा प्रारम्भिक बाल विकास सहजकर्ताहरुलाई मण्टेश्वरी तालिम प्रदान गरिनेछ। (दि.वि.ल. ४.२)

२.१.२६ वृहत् शैक्षिक सम्मेलन, २०८० बाट पारित घोषणा पत्रको बुँदाहरुमा उल्लेखित विषय क्षेत्रहरुमध्ये "विद्यालयहरुमा कृषि शिक्षा तथा उद्यमशिलतालाई प्रवर्द्धन गर्न भूमि बैङ्क मार्फत जग्गा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

२.१.२७ सामुदायिक विद्यालयहरुमा अध्ययनरत सबै विद्यार्थीहरुको नाममा चालु आ.व. देखि बैङ्क खाता खोल्न शुरु गरेको कार्यलाई पूर्णता दिई निरन्तरता दिईनेछ। साथै अध्ययन गर्दै उद्यमशिलतामा आबद्ध हुन चाहने विद्यार्थीलाई निश्चित रकम बिऊ पूँजी (Start Up Capital) को रुपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्दै लगिनेछ। **(दि.वि.ल. ८.३)**

२.१.२८ बढ्दो वातावरण प्रदुषणलाई घर परिवार र विद्यालय तहबाट वातावरणीय सचेतना सहित न्यूनिकरण गर्ने हेतुले घर, समुदाय तथा विद्यालय क्षेत्रलाई प्लाष्टिक जन्य प्रदुषणबाट मुक्त गराउने एवम् फोहरलाई मोहरमा परिणत गर्न Beat Plastic Pollution अभियान सञ्चालन गर्दै विद्यार्थीबाट संकलित प्लास्टीकजन्य सामाग्रीको तौलको आधारमा हरेक वर्ष विश्व वातावरण दिवसको अवसरमा प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिईनेछ। (दि.वि.ल. ६.३)

२.१.२९ सामुदायिक विद्यालयका शिक्षकहरुको विषयगत समितिबाट सिकाई उपलब्धि बृद्धि गर्नका लागि कार्ययोजना निर्माण गरी आएका विषयहरुलाई समेटी फेदीखोला गाउँपालिकाको गाउँ शिक्षा कार्ययोजना निर्माण गरिनेछ। **(दि.वि.ल. ४)**

२.१.३० विद्यार्थी विद्यालय शिक्षक अविभावकलाई एक आपसमा घनीभूत रुपमा जोडी शिक्षाको गुणस्तर वृद्धी गर्ने उद्देश्यले लागु गरिएको फेदीखोला गाउँपालिकाको अभिभावक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को सघन रुपमा कार्यान्वयन गर्दै अभिवाभक शिक्षालाई विशेष रुपमा कार्यान्वयन गरिनेछ।

२.१.३१ विद्यालय सुधार कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन आवश्यक सहजिकरण गरिनेछ।

२.१.३२ सबै माध्यमिक विद्यालयहरुमा एक क्रियाशिल स्काउट टिम गठन गर्न गराउन आवश्यक सहयोग गरिनेछ।

२.१.३३ देशव्यापी समस्याको रुपमा रहेको प्राविधिक धारका विद्यार्थीहरुको प्रतिभा पलायनलाई रोक्न तथा Live Practical विधिमार्फत बजारमा आवश्यक दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ संकायबाट अध्ययनरत विद्यार्थीलाई Paid Up Internship को व्यवस्थालाई निरन्तरता दिईनेछ।

२.१.३४ स्थानीय रैथाने ज्ञान, सिप, कला, पद्धती, व्यवसाय र पेशाको पञ्जीकरण गरी अनुभवी जेष्ठ नागरिकहरु मार्फत रैथाने ज्ञान सिपको पुस्तान्तरण र हस्तान्तरण गरिनेछ।

२.१.३५ सफल उद्यमी कसरी बन्ने भन्ने बारेमा सिकाउन माध्यमिक तहका विद्यार्थीहरुका लागि उद्यमशिलता विकास सम्बन्धी विषयमा सम्बन्धित विज्ञ/ विश्वविद्यालयहरुसँगको सहकार्य गरी विशेष कक्षाहरु सञ्चालन गरिनेछ।

२.१.३६ विद्यालयमा योग अभ्यास शिक्षालाई प्रयोगात्मक रुपमा निरन्तरता दिईनेछ।

२.१.३७ शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२.१.३८ शैक्षिक पहुँच सुनिश्चितता अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वन गरिनेछ।

२.१.३९ विद्यालयहरुमा शुरु गरिएको सांगितिक पि. टि. तथा व्यायामलाई निरन्तरता दिइनेछ।

## २.२ स्वास्थ्य

२.२.१ निर्माणाधिन १५ शैयाको अस्पतालको मुख्य वित्तीय स्रोत संघीय सरकारको शसर्त अनुदान भएकोले यस कार्यक्रम संघीय सरकारबाट विनियोजित रकम समयमै निकासाका लागि समन्वय गरी यथाशिघ्र निर्माण सम्पन्न गरिनेछ। (दि.वि.ल. ३.८)

२.२.२ आर्थिक बर्ष २०७४/०७५ देखि शुरु भएको जेष्ठ नागरिकहरुको घर दैलोमा नै पुगी दिने गरिएको उपयुक्त स्वास्थ्य परामर्श सहितको निशुल्क औषधोपचार सेवालाई निरन्तरता दिई ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई प्राथमिकता दिइनेछ । (दि.वि.ल. ३.८)

२.२.३ गाउँपालिकाद्वारा सन्चालित एम्बुलेन्स सेवालाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सुचारु गरिनेछ। (दि.वि.ल. ३.८) म

२.२.४ आर्थिक बर्ष २०७४/०७५ देखि शुरु भएको बृहत निशुल्क स्वास्थ्य शिविरलाई बिभिन्न सेवा(कृषि, स्वास्थ्य, शिक्षा आदि सहितको एकिकृत घुम्ती सेवा शिविर सञ्चालनलाई कार्यक्रम मार्फत निरन्तरता दिइनेछ।

२.२.५ टोलटोलमा स्वास्थ्य ल्याव सेवा प्राथामिक स्वास्थ स्क्रिनिङ् कार्यक्रम (ल्याव ईन व्याग) मार्फत गाउँपालिकाका नागरिकहरुको स्वास्थ्य परीक्षण गरी नसर्ने असाध्य रोगहरुको स्क्रिनिङ् र परिक्षण गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ। (दि.वि.ल. ३.८)

२.२.६ स्थानीय स्रोतको उपयोग स्वामित्व र सहभागिता पुर्णखोप सुनिश्चितता हाम्रो प्रतिवद्वताका साथ फेदीखोला गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको गाउँपालिकाको रुपमा स्थापित पहिचानलाई अभिवृद्धि हुनेगरी पूर्ण खोप कार्यक्रम सघन बनाई दिगोरुपमा निरन्तरता दिइनेछ। (दि.वि.ल. ३.८)

२.२.७ मातृ तथा नवशिशु स्वास्थ्य सेवाको अग्राधिकारलाई प्रवर्द्धन गर्दै मातृ तथा नवशिशु मृत्यु हुन नदिन सघन स्वास्थकर्मी परिचालन र मेडिक मोवाईल प्रविधिको प्रयोगद्वारा पूर्ण संख्यात्मक सुरक्षित गर्भ परिक्षण एवम् स्वास्थ संस्थामा हुने प्रसुती सेवालाई शत प्रतिशत पुऱ्याई सुनौलो हजार दिनका आमा र वच्चाको पोषण अवस्थाको स्टयाण्डर्ड घट्न दिईने छैन। यसका लागि उपाध्यक्षसँग पोषण प्रवर्द्धन एवम् सुत्केरी पोषण कार्यक्रम, न्यानो झोला वितरण कार्यक्रम सन्चालन गर्दै पोषण मैत्री स्थानीय शासन पद्वतीलाई प्रवर्द्धन गरिनेछ। (दि.वि.ल. ३.१ र ३.२)

२.२.८ आ.व. २०७४/०७५ देखि शुरु गरिएको बालबालिकाको स्वस्थता र स्वास्थ्य अवस्थालाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालित स्वस्थ बालक प्रतियोगितालाई आनुपातिक संख्यात्मक वृद्धिसहित निरन्तरता दिइनेछ।

२.२.९ पानीजन्य रोगहरु जस्तै टाईफाइड (म्यादे ज्वरो), झाडा पखाला, जुका, कमलपित्त आदीको गुणात्मक न्यूनिकरण गर्दै निर्मुलीकरण गर्न टाईफाइड खोप तथा औषधिवितरण कार्यक्रमलाई प्राथमिकता साथ निरन्तरता दिइनेछ। (दि.वि.ल. ३.३)

२.२.१० मधुमेह तथा उच्च रक्तचापका विरामीलाई तोकिए बमोजिमका निश्चित औषधी निशुल्क वितरणलाई निरन्तरता दिइनेछ ।(दि.वि.ल. ३.४)

२.२.११ स्वास्थ्य बिमा कार्यक्रममा लक्षित बर्गको दायरा फराकिलो बनाई जटिल प्रकारका रोगबाट प्रभावित व्यक्तिहरुको निशुल्क पहुँच हुने गरी स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ। (दि.वि.ल. ३.८)

२.२.१२ **मेरो स्वास्थ मेरो जिम्मेवारी** भन्ने मुल ध्येयलाई सफलिभुत वनाउन योगाभ्यास तथा सकारात्मक जीवनशैलीको पद्वती अबलम्वन गर्न फेदीखोला **नागरिक** आरोग्य कार्यक्रम मार्फत समुदाय एबम् विद्यालयस्तरवाटै योग प्रशिक्षकवाट प्रशिक्षण दिई प्रशिक्षित गराईनेछ। (दि.वि.ल. ३.४)

२.२.१३ भ्याक्सिन, अक्सिटोसिन लगायत राष्ट्रिय खोप तालिकाका नियमित खोपहरु जिल्ला सदरमुकाम तथा पोखरामा लगि भण्डारण गर्नुपर्ने अवस्थालाई अन्त्य गर्दै गाउँपालिकामा नै आइ.एल.आर रेफ्रिजेरेटरको व्यवस्था गरिनेछ। (दि.वि.ल. ३.८)

२.२.१४ विद्यार्थीको स्वास्थ्य परीक्षण साथै हरेक बार खाना चार नारासहित पोषण अभियानलाई सार्थकता दिलाउन विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रमलाई पोषण कर्नर स्थापना सहित निरन्तरता दिईनेछ। साथै घर परिवार, बस्ती र समुदायमा पोषण स्वास्थको आधारभूत सचेतना अभिवृद्धि गर्न गराउन महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप जिम्मेवार बनाईनेछ। (दि.वि.ल. २.१ र २.२)

२.२.१५ अत्यन्तै प्रभावकारी भएको नयाँ क्षयरोगी पहिचान कार्यक्रमलाई सघन रुपमा कार्यान्वयन गर्दै क्षयरोग मुक्त गाउँपालिका निर्माण गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (दि.वि.ल. ३.३)

२.२.१६ समयमै रोगको पहिचान गर्नका लागि आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट सञ्चालित फोकस स्क्रिनिङ टेस्ट एण्ड ईक्जामिनेशनलाई क्रमशः अन्य स्वास्थ्य संस्थाहरुमा बिस्तार गर्दै लगिने छ। (दि.वि.ल. ३.८)

२.२.१७ स्वास्थ्य संस्थाहरुमा सेवा लिन नसकेका तथा नभ्याएका समुदायका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले प्रत्येक महिना सञ्चालित गाउँघर क्लिनिकलाई थप व्यवस्थित गर्दै निरन्तरता दिइनेछ। (दि.वि.ल. ३.८)

२.२.१८ गरिव परिवार पहिचान भएका घर परिवार तथा गरिव परिवार पहिचान एवम् परिचयपत्र वितरण कार्यक्रममा प्राविधिक कारण छुट हुन गएका घर परिवारहरुको थप पहिचान गरी निशुल्क स्वास्थ विमा कार्यक्रम र पहिचान भएका घर परिवारका खासगरी शिशु लगायत गरिव र जोखिमपूर्ण स्थितीमा रहेकाहरुलाई वर्ष भरी नै सुरक्षित पौष्टिक र पर्याप्त खाद्यको पहुँच सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गरिनेछ। (दि.वि.ल. २.१ र २.२)

२.२.१९ मानसिक रोग तथा स्वास्थ्यमा सुधार ल्याउनका लागि गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा मानसिक स्वास्थ्य परामर्श सेवालाई थप सुदृढ गर्दै लगिने छ। (दि.वि.ल. ३.४)

२.२.२० महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई कार्यसम्पादनको आधारमा प्रति महिना निश्चित रकम प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। (दि.वि.ल. ३ग)

२.२.२१ लागु पदार्थ, सूर्तिजन्य पदार्थ तथा मादक पदार्थहरुको उपभोगले मानव स्वास्थ्यमा पार्ने हानिकारक प्रभावहरुको रोकथाम तथा नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।यस्ता पदार्थहरुको प्रयोग गर्ने वानी व्यहोरालाई निरुत्साहित गरिनेछ। (दि.वि.ल. ३.५)

२.२.२२ EHMIS प्रणालीलाई कार्यान्वयन गर्न एक स्वास्थ संस्था एक ल्यापटप वितरण गरिनेछ।

२.२.२३ HIV/ AIDS रोगको वारेमा स्वास्थ्य सचेतना वढाई यस्ता रोगहरुको प्रभाव गाउँपालिकामा पर्न नदिन सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थाको समन्वयमा प्रत्येक वडामा रहेका सबै टोल सुधार समितिको नियमित बैठक/भेलामा सम्बन्धित महिला स्वास्थ्य स्वयम् सेविकाहरु मार्फत परामर्श दिने व्यवस्था मिलाईनेछ।

२.२.२४ प्रदेश सरकारको साझेदारीमा आनुवंशिक रोग हेमीफिलीया पहिचान तथा सचेतनाका लागि अभियान सञ्चालन गरी उपचार विधिमा ल्याउन प्रोत्साहन गरिनेछ।

२.२.२५ परजीवीवाट सर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

## २.३ खानेपानी तथा सरसफाई

२.३.१ संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा गाउँपालिका भित्र सन्चालित सबै खानेपानी आयोजनाहरुलाई समयमै प्रक्षेपित लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने प्राविधिकीय सहयोग सहित समन्वय गरिनेछ।

२.३.२ फेदीखोलाबासी सबै नागरिकहरुलाई समतामूलक रुपमा सुरक्षित खानेपानी पुऱ्याउने उद्देश्यका साथ सञ्चालित एक घर एक धारा कार्यक्रमलाई प्रभाबकारीरुपमा कार्यान्वयन गरिनेछ। (दि.वि.ल. ६.१)

२.३.३ विद्युतीय लिफ्टिङ खानेपानी आयोजनामा उपभोक्ताहरुको अतिरिक्त व्ययभारलाई घटाउन उक्त योजनाहरुको विद्युत महसुलमा प्रदान गरिदै आएको ५० प्रतिशत अनुदानलाई निरन्तरता दिइनेछ ।

२.३.४ गाउँपालिकाबाट नियमित रुपमा गरिने सवै वडाका खानेपानीका संरचना र स्रोत मर्मत सम्भार, सुधार कार्यलाई निरन्तरता दिइनेछ ।साथै पिउने पानी परिक्षण कार्यलाई निरन्तरता दिईनेछ।

२.३.५ फेदीखोला गाउँपालिकाका क्षेत्रभित्र सृजना हुने फोहोरमैला व्यवस्थापन गर्दै स्वच्छता र सौन्दर्यतालाई बचाई राख्न गाउँपालिका भित्रका सबै वडामा रहेका टोल

सुधार समितिहरुलाई आ-आफ्नो टोल टोलको सरसफाई समितिको रुपमा मान्यता दिई आफ्नो क्षेत्रभित्र रहेका विद्यालय परिवार, स्थानीय बासिन्दा, सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र लगायत नागरिक समाजको सक्रिय सहभागिता र साझेदारीमा सरसफाई अभियान सञ्चालन गरी पूर्ण सरसफाई गाउँपालिका घोषणा गर्न पहल गरिनेछ। **(दि.वि.ल. ६.३)**

२.३.६ फोहोरमैला व्यवस्थापनको लागि जग्गाको व्यवस्थापन गरी संभाव्यता अध्ययनको आधारमा फोहोरमैला संकलन तथा वर्गिकरण केन्द्र लगायत अन्य आवश्यक भौतिक पुर्वाधारहरुको निर्माण सुरु गरिनेछ । **(दि.वि.ल. ६.३, १२.४ र १२.५)**

## २.४ भाषा तथा संस्कृति, सम्पदा पूर्वाधार

२.४.१ स्थानीय संस्कृती, कला, साहित्य, भाषा र सम्पदाको दिगो रुपमा संरक्षण गर्नका लागि बिभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ। **(दि.वि.ल. ११.४)**

२.४.२ तमु आदिकवी हर्कबहादुर गुरुङ स्मृति पार्कको जर्गेनामा जोड दिँदै स्मृति दिवस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२.४.३ विभिन्न समुदायको मौलिक चाडपर्वहरुलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै गुम्बा, मन्दिर तथा कोटहरुमा हुने परम्परागत पुजापाठलाई गरिदै आएको प्रोत्साहन एवम् सहयोगमा साझेदारी गर्ने नीतिलाई निरन्तरता दिइनेछ । **(दि.वि.ल. ११.४)**

२.४.४ ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका पर्यटकीय सम्पदाहरुको प्रचार, प्रसार तथा संरक्षण र सम्बर्द्धनका कार्यलाई निरन्तरता दिइनेछ।
**(दि.वि.ल. ११.४)**

२.४.५ फेदीखोला गाउँपालिकाको भाषा, साहित्य एवम् सांस्कृतिक सम्पदालाई संरक्षण, सम्बर्द्धन एवम् प्रबर्द्धन गर्नको लागि फेदीखोला प्रज्ञा प्रतिष्ठानको गठन गरिनेछ। **(दि.वि.ल. ११.४)**

२.४.६ प्रदेश प्रज्ञा प्रतिष्ठानको साझेदारीमा बौद्धिक सम्पत्तिको जर्गेना तथा साहित्यिक क्षेत्रको विकासका लागि विभिन्न रणनीति अपनाइनेछ ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

२.५.१ शारिरिक रुपमा अशक्त, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुको कानून प्रदत्त हक अधिकारको प्रवर्द्धन गर्दै उचित संरक्षण, पूर्नस्थापना एवम् सशक्तिकरण केन्द्रित कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। (दि.वि.ल. ११.२)

२.५.२ समतामुलक समाज निर्माणका लागि दलित, पिछडिएका वर्ग, समुदाय तथा अल्पसंख्यक वर्गको पहुँच, समानुपातिक प्रतिनिधित्व र निर्णायक सहभागिताको आधारलाई बढाइनेछ। (दि.वि.ल. १०.२ र १६.७)

२.५.३ जातीय, लैङ्गिक, अपाङ्ग, जेष्ठ नागरिक, किशोर किशोरी र बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र भेदभाव निर्मुलीकरण गर्न विभिन्न सञ्चालित कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। (दि.वि.ल. ५.१)

२.५.४ महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यकको तथ्यांक संकलन तथा अध्यावधिक गरिनेछ। (दि.वि.ल. १७.१८)

२.५.५ हिँसामा परेका महिलालाई उद्दार गर्ने उद्देश्यका साथ संचालनमा रहेको लैगिङ्ग हिँसा निवारण कोषको रकममा वृद्धि गरिनेछ। (दि.वि.ल. ११.४)

२.५.६ जेष्ठ नागरिकहरुलाई आत्मसम्मानको अनुभूति हुने गरी फेदीखोला-२, पोखरीमा रहेको जेष्ठ नागरिक दिवा सेवा मिलन भवनमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गरिनेछ।

२.५.७ विपन्न, दलित, जेहेन्दार र गरिव परिचयपत्र वाहक घर परिवारका विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई छात्रवृत्ति, पोषाक, शैक्षिक सामाग्री वितरण गरी विद्यार्थीहरुलाई प्रोत्साहन गरिने छ।

२.५.८ फेदीखोला गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न सहयोगी संघसंस्थाहरुको सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२.५.९ अभिभावक तथा संरक्षक विहीन बालबालिकाको शैक्षिक ज्ञानको परिपुरण तथा पोषण युक्त खाद्यान्नमा सहयोग गर्न बाल कोष स्थापना गरिनेछ।

२.५.१० बाल मैत्री गाउँपालिका बनाउन तोकिएका मापदण्ड पुरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## २.६ युवा तथा खेलकुद

२.६.१ वेरोजगार तथा उद्यमशिल युवाहरुलाई समूह सहकार्य आबद्ध गराइ लुप्त उद्यमशिलता प्रबर्द्धन मार्फत स्वरोजगार बनाउँदै मर्यादित रुपमा रोजगारका अवसरहरु बढाउँदै रोजगारदाताको रुपमा स्थापित गर्न सञ्चालित युवा उद्यम कार्यक्रमलाई निरन्तरता दिईनेछ। **(दि.वि.ल. ८.३ र ८.६)**

२.६.२ उद्यम गर्ने युवालाई केन्द्रमा राखेर विभिन्न निकायहरुले प्रदान गर्ने सहुलियत, ऋण र अनुदानको लागि आवश्यक डकुमेन्टेशनमा सहयोग गर्ने, साथै थप सहुलियत दरको पूँजिको लागि सहकार्य गर्न वित्तीय संस्थाहरुसँग संस्थागत सम्झौता गर्ने नीति अवलम्वन गरिनेछ। **(दि.वि.ल. ८.१०)**

२.६.३ समग्र युवाहरुको अग्रसरतालाई बढावा दिई युवाहरुमा स्वयमसेवी भावना जागृत गराउन युवा फोरम गठन गरिनेछ ।साथै खेल प्रेमी युवाहरुको चाहाना आकाङ्क्षालाई सम्बोधन गर्न गाउँपालिका भित्र खेलकुदका सम्भावनाहरुको खोजि र विकासलाई गति दिन एक खेलकुद विकास समिति गठन गरिनेछ।

२.६.४ क्षेत्रगतरुपमा प्रतिस्पर्धी र स्तरीय खेलाडी उत्पादन गर्न सञ्चालित वडास्तरीय, विद्यालय स्तरीय र गाउँपालिकास्तरीय प्रतियोगिताहरुमा खेल क्षेत्रका महत्वपूर्ण विधा जस्तै फुटवल, भलिवल क्रिकेट एथलेटिक्स, मार्शल आर्ट आदि विविध प्रतियोगिताहरुलाई समाबेश गरि निरन्तरता दिईनेछ।

२.६.५ निर्माणाधिन एवम् निर्मित खेलमैदानहरुको स्तरोन्नती एवम् मर्मत सम्भारलाई निरन्तरता दिन सहयोग र समन्वयकारी भूमिका लिइनेछ।

२.६.६ गाउँपालिका क्षेत्रमा यदाकदा देखिन थालेको लागु औषध दुर्व्यसनका गतिविधिहरुलाई नियन्त्रण गर्न विद्यालयस्तरीय तथा वडास्तरीय वाल क्लव लगायतका संरचना, सामुदायिक प्रहरी, स्वास्थ्य संस्था, टोल सुधार समिति र गाउँपालिकास्तरमा गठित स्काउट समितिलाई परिचालित गरिनेछ। (दि.वि.ल. ३.५)

२.६.७ युवाहरुको नेतृत्व तथा क्षमता विकास हुने खालका कार्यक्रमहरु जस्तै नमूना युवा संसद अभ्यास, विभिन्न सेवा आयोगका परिक्षा लक्षित तयारी कक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

२.६.८ युवाहरुको हक हित र अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न तथा युवाहरुमा नैतिक जिम्मेवारी, कर्तव्य र दायित्व बोध गराउने अभिप्रायका साथ फेदीखोला गाउँपालिकाको युवा नीति बनाइने छ।

२.६.९ बैदेशिक रोजगारमा जाने युवाहरुलाई बैदेशिक रोजगारीमा जाँदा, बैदेशिक रोजगारीमा रहँदा र बैदेशिक रोजगारीबाट फिर्ता भएपछि बैदेशिक रोजगारीमा सिकेको सिपको प्रवलिकरण सहित सदुपयोग तथा बैदेशिक रोजगारीमा गएका व्यक्तिको आश्रित परिवारका सदस्यहरुलाई कानूनी सचेतना प्रदान गर्ने गरी सहयोगी संघसंस्था जस्तै सुरक्षित नागरिक आप्रवासन कार्यक्रमसँग सहकार्य गर्ने गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## २.७ सामाजिक सुरक्षा तथा संरक्षण

२.७.१ मजदुर तथा श्रमिक वर्गको श्रमको मूल्यलाई पहिचान र सम्मान गर्दै मजदुर वर्गलाई लक्षित गरी सञ्चालित मजदुर संचित कोषलाई निरन्तरता दिइनेछ। मजदुर सञ्चित कोषमा आवद्ध भएका मजदुरहरुलाई मजदुर सञ्चित कोषमा आवद्धता गर्न गराउन वा गाउँपालिकाबाट थप दिईंदै आएको रकमबाट नै केही कट्टा हुने गरी केन्द्रीय सामाजिक सुरक्षा कोषमा संलग्न गराईने नीति लिईनेछ। (दि.वि.ल. ५.४)

२.७.२ अनौपचारीक क्षेत्रका मजदुरहरुको सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनमा देशैभरका स्थानीय तहहरु मध्येबाट प्रथम भएको हाम्रो गाउँपालिकाले आ.व. २०७५/०७६ देखि नै मजदुर बर्गको हक हितमा अनुकरणीय कार्य गरेको नै छ।

मजदुर सञ्चित कोषमा आवद्ध भएका मजदुरहरुलाई मजदुर सञ्चित कोष वा सामाजिक सुरक्षा कोष मध्ये मजदुरहरुको ईच्छा अनुसारको कोषमा गाउँपालिकाबाट तोकिए अनुसारको थप अनुदान रकम दिँदै कोषमा संलग्न गराईने नीति लिईनेछ।साथै अनौपचारिक क्षेत्रका मजदुरहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउन आबश्यक स्रोतको सुनिश्चतता गरिनेछ। (दि.वि.ल. ५.४)

२.७.३ अपाङ्गता परिचयपत्र वाहक नागरिक, विमा दर्ता सहयोगी एवम् विपन्न नागरिकहरुलाई स्वास्थ्य विमामा शतप्रतिशत अनुदान दिने तथा मजदुर संचित कोषमा सुचिकृत मजदुर, महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका, सामुदायिक विद्यालयका शिक्षक/कर्मचारीलाई स्वास्थ्य वीमा कार्यक्रममा ५० प्रतिशत अनुदान दिईने नीतिलाई निरन्तरता दिईनेछ।

२.७.४ अपाङ्गता भएका व्यक्ति तथा निजको संरक्षकलाई आय आर्जन गर्न सहयोग गर्ने नीति लिइनेछ।

२.७.५ जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्ने दायित्व भएका सन्तान वा नजिकको हकवालाले आफ्नो हैसियत वा उपार्जन वा आर्थिक आम्दानीको १० प्रतिशत रकम आफ्ना जेष्ठ नागरिकको रुपमा रहेका बाबु आमाको नाममा रहेको बैङ्क खातामा जम्मा गर्न गराउन समन्वय गरिनेछ।

## ३. पुर्वाधार विकास क्षेत्र

### ३.१ यातायात पुर्वाधार

३.१.१ गाउँपालिका भित्र निर्माण गरिने विद्यालय लगायत सार्बजनिक पूर्वाधारका संरचनाहरु अपाङ्गता तथा बालबालिका मैत्री हुने गरी निर्माण गरिनेछ। (दि.वि.ल. ४क)

३.१.२ निर्माण गरिने पुर्वाधारहरु र संरचनाहरुको गुणस्तरको सुनिश्चितता गर्न आगामी तीन बर्ष भित्रमा न्युनतम मापदण्ड सहितको निर्माण तथा निर्माण सामाग्री गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गर्ने लक्ष्य प्राप्त गर्न आवश्यक कार्य प्रक्रियालाई निरन्तरता दिइनेछ। (दि.वि.ल. १९.४)

३.१.३ गाउँपालिकाका सबै वडा केन्द्रहरुसम्म कालोपत्रे सडकको पहुँच पुऱ्याउने लक्ष्य अनुरुप खड्केटारी-भाटखोला-बाँगे-पञ्चासे-दोबिल्ला-सडकको थप खण्ड स्तरोन्नतीलाई निरन्तरता दिइनेछ भने सर्केटारी-आरुखर्क-गलेम-पञ्चासे-सडक, कुभिण्डे-रामकोट-मट्टिखान-नुवाकोट सडक, फेदीखोला-मिरुडाँडा-कालाभैरव-नुवाकोट सडकहरुको थप खण्ड स्तरोन्नतरी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३.१.४ अव्यवस्थित बस्तीहरुलाई व्यवस्थित शहरीकरण गर्ने कार्यक्रम अन्तर्गत सर्केटारी-टोड्के, फेदीखोला चक्रपथ, फेदीखोला-स्थानचौर-चनौटे सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई अगाडि बढाइनेछ। यसका लागि अन्तरसरकारी निकायहरुसँग समन्वय गरिनेछ। **(दि.वि.ल. ११.१)**

३.१.५ गाउँपालिकाका भौगोलिक तथा आर्थिक दृष्टिकोणले महत्वपूर्ण रहेका सडक तथा अन्तर जिल्ला जोड्ने सडकहरु अन्तर जिल्ला तथा स्थानीय तह कनेक्टीभिटी हुने गरी अगाडि बढाउन पहल गरिनेछ । गाउँपालिकास्तरीय सडकहरु र वडास्तरीय सडकहरुको मर्मत सम्भार तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३.१.६ राष्ट्रिय सडक मापदण्डसँग तादम्यता हुने गरी गाउँपालिकाको सडक मापदण्डलाई थप कडाइकासाथ कार्यान्वयनमा ल्याईनेछ ।भवन निर्माणमा राष्ट्रिय भवन संहिताको पालनालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## ३.२ भू-संरक्षण, भूमि व्यवस्थापन तथा भू-उपयोग

३.२.१ भू-उपयोग क्षेत्रको नक्सालाई अद्यावधिक गरी तयार गरिएको भूमिको बर्गीकरण र भू-उपयोग योजनालाई कार्यान्वयनको चरणमा लगिनेछ।

३.२.२ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको पहिचान गरी जग्गा दर्ता एवम् जग्गाको उचित व्यवस्थापनमा समन्वय गरिनेछ।

३.२.३ औपचारिक तथा अनौपचारिक जग्गाको अभिलेख अद्यावधिक गरी सरकारी तथा सार्वजनिक जमिनको भोगचलनमा रहेको आधारमा जग्गाको नापी गरिनेछ।

साथै उक्त जग्गालाई नेपाल सरकारको नाममा नापी गरी श्रेस्ता कायम गर्न सहकार्य गरिनेछ।

३.२.४ कित्ता काट भएका तर दर्ता नभएका जग्गाहरु कानूनतः दर्ता गर्न पहल गर्दै पुरानो नापी सम्बन्धी समस्यालाई समाधान गर्ने कार्यनीति अबलम्बन गरिनेछ। साथै निवेदन पेश गरेका सबै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी एवम् अव्यवस्थित बसोबासीहरुलाई भूमि आयोगको समन्वयमा जग्गा नापी कार्य सम्पन्न गरी जग्गा सम्बन्धी समस्या समाधान गरिनेछ।

३.२.५ भूमिमा महिलाको स्वामित्व कायम गर्न विभिन्न किसिमका प्रोत्साहनमुखी कार्यनीति सहितका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३.२.६ गाउँपालिकाको गुरु योजनाले तय गरे अनुरुप फेदीखोला गाउँपालिकाका सबै वडा अन्तरगतका सम्भाव्य क्षेत्रहरुमा निजी लगानीकर्ताहरु मार्फत मेगा परियोजनाहरु सञ्चालन गर्नका लागि आवश्यकीय जग्गा उपलब्ध गराउन जग्गाधनी लगायत सरोकारवाला सबैसँग छलफल, सहकार्य र साझेदारी गरी भूमि बैङ्क स्थापना गरी उत्पादन बृद्धिमा उपयोग गरिनेछ।

## ३.३ पूल

३.३.१ स्थानीय माग, आवश्यकता र उपयुक्तताको आधारमा संघ तथा प्रदेश सरकारको समन्वय र साझेदारीमा थप झोलुँगे तथा ट्रस पुलको नयाँ निर्माण क्रमशः गरिने छ । साथै गाउँपालिका भित्रका सबै झोलुँगे पुलको नियमित मर्मत सम्भारलाई निरन्तरता दिईनेछ ।

३.३.२ विस्तृत परियोजना प्रतिवेदन तयार भई प्रदेश तथा प्रदेश सरकारसँगको साझेदारीको लागि प्रस्ताव गरिएको सेतीखोला-चनौटे मोटरेवेल पुल तथा सर्केटारी मुलावारी पुल र खड्कागाउँ फेदीखोला सडक पुलको निर्माण सम्पन्न गर्न गराउनमा समन्वयात्मक पहल गरिनेछ ।

३.३.३ फेदीखोला खत्रीरह बाखे नुवाकोट जाने सडक पुल र पिप्ले ठुल्डीही पुल निर्माणको लागि प्रदेश सरकारसँग थप पहल गरिनेछ ।

### ३.४ जलस्रोत तथा सिँचाई

३.४.१ बिगतमा निर्माण सम्पन्न ठुला सिँचाई आयोजनाहरुको दिगोपना कायम गर्न लाभग्राही बर्गलाई जिम्मेवारी बोध गराईनेछ। मागमा आधारित साना तथा मझौला सिँचाई कार्यक्रमलाई उपयुक्तता र प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ।

३.४.२ गाउँपालिका क्षेत्रमा उपलब्ध जलस्रोत तथा जलाधारको संरक्षण, विकास र व्यवस्थापन गरी खानेपानी, सिँचाई लगायत बहुआयमिक उपयोगका लागि फेदीखोला एकिकृत संरक्षण तथा व्यवस्थापन कार्ययोजना तर्जुमा गरिनेछ। (दि.वि.ल. ६.५ र ६.६)

३.४.३ बृहत फेदीखोला एकिकृत सिँचाई आयोजनाको निर्माण समयमै सम्पन्न गर्न पहल गरिनेछ।

### ३.५ भवन, आवास तथा शहरी विकास

३.५.१ उपयुक्त भौतिक संरचना सहितको सुविधायुक्त कार्यालय भवन निर्माण गर्न बाँकी रहेका वडा कार्यालयहरुको लागि जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाई क्रमशः निर्माण गर्दै लगिनेछ ।

३.५.२ फेदीखोला गाउँपालिका बासीहरुको शान्ति सुव्यवस्था र सुरक्षालाई मध्यनजर गर्दै वडास्तरमा समेत प्रहरी बिट स्थापना गर्न अन्तर सरकारी निकायहरुसँग समन्वयात्मक पहल गरिनेछ।

३.५.३ आवश्यक स्रोतको व्यवस्थापन सहित निर्माणाधिन गाउँपालिकाको प्रशासनिक भवनलाई आगामी आ.व.को प्रथम चौमासिक भित्रै निमार्ण सम्पन्न गरी गाउँ कार्यपालिका कार्यालय र अन्तरगतका शाखा/उपशाखा तथा सेवा इकाई/केन्द्रबाट प्रवाह भईरहेका सेवाहरुलाई एकिकृत गरी एकै भवनबाट उपलब्ध गराईनेछ।

३.५.४ गाउँपालिकामा रहेका खाली घरहरुमा घर विहिन नागरिकहरु बस्ने व्यवस्था मिलाउन सम्बन्धित घरजग्गा धनिहरुको मञ्जुरी लिई त्रिपक्षीय सम्झौता गरी प्रयोगमा ल्याउने नीति लिईनेछ। **(दि.वि.ल. ११.१)**

३.५.५ गाउँपालिकाद्वारा स्वीकृत भवन निर्माण मापदण्ड अनुसार नयाँ घर निर्माणमा नक्सा पास प्रक्रिया र बनिसकेका पुराना घरहरुको अभिलेखीकरण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी गाउँपालिकामा सूचिकृत गर्ने लक्ष्यलाई निरन्तरता दिईनेछ। **(दि.वि.ल. ११ग)**

३.५.६ मापदण्ड विपरित निर्मित संरचनाहरुको नियमन, पर्यटकीय स्थल एवम् गाउँपालिका भित्र भएका सार्वजनिक सम्पत्तीको रेखदेख तथा सडक सुरक्षाका लागि राखिएका CCTV क्यामेराहरुको भौतिक अवस्थाको नियमित स्थितीबोधका लागि नगर प्रहरी परिचालन गर्ने नीति लिईनेछ।

३.५.७ फेदीखोला गाउँपालिकालाई नेपालको सुन्दर तथा पर्यटकीय नगरी पोखराको स्याटलाइट सिटीको रुपमा विकास गर्ने नीति लिइनेछ । **(दि.वि.ल. ११.१)**

३.५.८ विभिन्न वडामा आवश्यकता अनुसार आमा समुह, प्रतिक्षालय, शौचालय निर्माणलाई लागत साझेदारीमा कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३.५.९ गाउँपालिकाभित्र निर्माण हुने सामुदायिक तथा संस्थागत भवनहरु सम्बन्धित संस्थाले जग्गा प्राप्ति गरेपछि मात्र निर्माण गरिने नीति लिइएको छ ।

## ३.६ सौर्य उर्जा तथा विद्युत

३.६.१ सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरुमा सौर्य उर्जा जडान गरी बैकल्पिक उर्जा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।**(दि.वि.ल. ७.२)**

३.६.२ गाउँपालिकाका मुख्य मुख्य बजार तथा बस्ती क्षेत्रहरुमा सौर्य तथा विद्युतीय सडक बत्तीहरु जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ। **(दि.वि.ल. ७.२)**

३.६.३ अनविकरणीय उर्जाको रुपमा प्राप्त तरल ग्याँसको सट्टा स्वदेशमै उत्पादन भएको विद्युतबाट चल्ने विद्युतिय चुलोमा लागत साझेदारीमा अनुदान दिई विद्युत प्रयोग बृद्धि गर्ने कार्यलाई तिब्रता दिइनेछ । **(दि.वि.ल. ७.१, ७.२ र ७ ख)**

३.६.४ काठेपोल विस्थापन गरी हाल भइरहेको सामुदायिक विद्युत आपुर्तिको सट्टा सम्पुर्ण विद्युत आपूर्ति राष्ट्रिय प्रसारण लाइनबाट उपलब्ध गराई गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरपरिवारमा विद्युत आपूर्ति र आधुनिक उर्जा सेवाहरुको पहुँच सुनिश्चित गरिने छ। **(दि.वि.ल. ७.१)**

३.६.५ अनियमित विद्युत आपूर्ति प्रणालीलाई सुधार गर्न छुट्टै वा भरपर्दो फिडर लाइनमा कनेक्सन गरी सञ्चालनमा ल्याउन विद्युत प्राधिकरणसँग प्रभावकारी समन्वय गरिनेछ । (दि.वि.ल. ७.१)

## ४. वन, वातावरण र विपद् व्यवस्थापन

### ४.१ वन

४.१.१ सामुदायिक वन, निजी वन तथा सरकारी वनहरुको संरक्षण, प्रवर्द्धन गरी त्यहाँबाट निस्कने वन पैदावारको समुचित उपयोगको लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा व्यवस्थित वन संरक्षण गर्न आवश्यक समन्वय गर्न **फेदीखोला गाउँपालिकाको स्थानीय वन ऐन, २०७७** कार्यान्वयनमा ल्याईसकिएकोले स्थानीय वन परिषद्को सहकार्यमा **स्थानीय वन ऐन, २०७७** को प्रभावकारी कार्यान्वयनमा निरन्तरता दिइनेछ। **(दि.वि.ल. १५.१ र १५.२)**

४.१.२ सामुदायिक वन उपभोक्ता समिति तथा अन्य यस्तै प्रकारका संरक्षण समितिहरुलाई कार्ययोजनाको आधारमा प्रोत्साहन गरिने नीति लिइएको छ।

४.१.३ वन तथा वन पैदावरमा आधारित उद्यमशिलताको विकास र प्रवर्द्धन गरी वनमा आधारित उद्योगहरुको स्थापना र सञ्चालन गरी वनजन्य पदार्थहरुको उत्पादन, प्रशोधन र विविधिकरण गर्न गराउन गाउँपालिकाबाट कानूनी परामर्श, नियमन र समन्वय गर्दै साझेदारीमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ। **(दि.वि.ल. ८.३)**

४.१.४ सहकारी, निजीक्षेत्र एवम् गैरसरकारी निकायहरु सँगको सहकार्यमा प्रचलित कानूनतः काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ जन्य (घाँस, अलैंची, अम्रिसो, बाँस, निगालो ईत्यादी) तथा औषधिजन्य जडिवुटी जस्ता वनजन्य पदार्थको उत्पादन र विक्री वितरणलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ। (दि.वि.ल. ८.२)

४.१.५ गाउँपालिकाको भूगोलमा रहेको वन क्षेत्रको खाली भागमा टिमुर पकेट क्षेत्रको सम्भाव्यताको पहिचान गरी टिमुर पकेट क्षेत्रको रुपमा विकास गरी टिमुरको उत्पादनमा व्यापकता दिई प्रशोधन र विक्रि वितरण गरिनेछ।

४.१.६ फेदीखोला गाउँपालिकाको **<u>स्थानीय वन ऐन, २०७७</u>** कार्यान्वयनमा आइसकेकोले उक्त ऐनको परिधिभित्र रहेर गाउँपालिकाको मौजुदा वन क्षेत्रको संरक्षण गरी खाली क्षेत्रमा फलफुलका विरुवा लगाउने  कार्यलाई अभियानका रुपमा सञ्चालित गरि बाँदर लगायतका जंगली जनावरले कृषि उपजमा गराउने गरेको क्षतिलाई नियन्त्रणमा लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा विशेष प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरी मानव समुदायमा पारेको नकारात्मक प्रभावलाई न्यूनिकरण गराईनेछ।

४.१.७ विशेष महत्वका स्थानीय प्रजातीका वोटविरुवा तथा वनस्पति लगायत वन्यजन्तु, चराचुरुङ्गीहरुको संरक्षण गरी पर्यापर्यटन प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिने छ। (दि.वि.ल १५.५)

४.१.८ "सफा स्वच्छ फेदीखोला" कार्यक्रमको शुरुवात गरी फोहर बर्गिकरण पश्चात व्यवस्थापन गर्ने कार्यको थालनी गरिनेछ।

## ४.२ भू-संरक्षण तथा जलाधर संरक्षण

४.२.१ विकास निर्माण, खनिज उत्खनन, ढुंगा माटो लगायत नदीजन्य पदार्थको संकलन र निकासी गर्दा वातावरणीय क्षयिकरण हुन नदिन तथा विकास र वातावरणको सामन्जस्यता कायमै राख्न आयोजना कार्यान्वयन गर्दा प्रभावकारी रुपमा लागु गरिएको वातावरणीय परिक्षण अध्ययनलाई निरन्तरता दिइनेछ ।

४.२.२ हरित ग्याँस उत्सर्जन कम गर्न, वातावरणीय सन्तुलन तथा सौन्दर्यका लागि सडक छेउछाउमा रोपिएका वृक्षहरुलाई संरक्षण गर्दै थप खण्डहरुमा फल जन्य फुल जन्य विरुवाहरुको वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ । **(दि.वि.ल. १५.२)**

४.२.३ सार्वजनिक भवन एवम् संरचनाहरुको संरक्षण, सम्बर्द्धन र सुरक्षार्थ निर्माण गरिने तटबन्ध व्यवस्थापन, टेवा पर्खाल निर्माण एवम् वायो ईन्जिनियरिङ प्रविधिलाई प्रयोगमा ल्याई निरन्तरता दिइनेछ ।

४.२.४ वातावरणीय पर्यावरण सन्तुलनमा टेवा दिन एवम् जमिनमा पानीको पूनर्भरण गरिरहनका लागि पुर्रिँदै गएका पुराना पोखरीहरुको उत्खनन् तथा आवश्यकतानुसार नयाँ पुर्नभरण पोखरी निर्माणका लागि अनुदान दिई प्रोत्साहन गरिनेछ। **(दि.वि.ल. ६क)**

## ४.३ जलवायु परिवर्तन अनुकुलन

४.३.१ स्थानीय स्तरमा पर्यावरण प्रतिकूल हुन नदिन एवम् जलवायु परिवर्तनको असरलाई न्यूनिकरण तथा अल्पिकरण अनुकुलन सम्बन्धी जलवायु परिवर्तन प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा लगिनेछ । **(दि.वि.ल. ११ख, १३.२ र १३ख)**

४.३.२ नेपालकै बढि बर्षा हुने पोखरा क्षेत्रसँग गाउँपालिकाको अग्लो पञ्चासे भूक्षेत्र एवम् अन्य भू-भाग जोडिएकोले बर्षात् अवधिमा हुन सक्ने बाढि, पहिरो, भुक्षय जस्ता मनसुनजन्य विपद् क्षतिको प्रभाव न्युनिकरण गर्न र स्थानीय जनतालाई पूर्व सूचना उपलब्ध गराउन गाउँपालिका भित्र एउटा मौसम पूर्वानुमान तथा जलवायू मापन केन्द्र निर्माणमा सहयोगी संस्थाहरुसँगको साझेदारीमा गर्न आवश्यक पहल गरिनेछ। **(दि.वि.ल. ११.५ र ११ख)**

## ४.४ विपद् तथा प्रकोप व्यवस्थापन

४.४.१ महामारी तथा संक्रामक रोग लगायत प्राकृतिक विपद् तथा प्रकोप व्यवस्थापन कोषमा सञ्चिती बजेटको राशीलाई बढाइने छ ।

४.४.२ विपद तथा प्रकोप रोकथाम एवम् क्षति न्यूनिकरणको लागि गठित विपद व्यवस्थापन समितिलाई थप सबल एवम् पुर्वाधार सम्पन्न बनाइने छ ।

४.४.३ विभिन्न विपदका संभावित जोखिम, कारण, असर तथा प्रभाव न्यूनिकरणका उपयुक्त विधि एवम् उपायबारे वैज्ञानिक रुपमा विस्तृत अध्ययन गरी स्थानीय तहको सक्षमतामा आधारित विपद् व्यवस्थापन एवम् प्रकोप प्रतिरोधात्मक कार्ययोजना तर्जुमा गरिनेछ। **(दि.वि.ल. ११.५ र ११ख)**

४.४.४ विपद्को समयमा आपतकालिन् खोज, उद्धार, उपचार, खाद्यान्नको व्यवस्था तथा तत्काल राहतको लागि सुरक्षा सामाग्री, विपद् प्रतिकार्य सामाग्री तथा उपकरणहरु तयारी अवस्थामा राखी विपदमा स्काउट र स्वयम् सेवकहरुको संलग्नतामा द्रुत प्रतिकार्य टोली गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४.४.५ विपद व्यवस्थापनको लागि स्वास्थ्यकर्मी, स्काउट, रेडक्रस, पूर्व सुरक्षाकर्मी, नगर प्रहरी एवम् स्थानीय प्रहरी समेतको संलग्नतामा एउटा क्रियाशिल/सक्रिय संस्थागत संरचना तयारी गरी सहकार्य गरिनेछ।

४.४.६ गाउँपालिकामा विपद् पूर्व तयारी, विपद् पूर्व सूचना तथा आवश्यकीय व्यवस्थापन गरी विपद् जोखिम न्यूनिकरणका लागि संघीय सरकार सँगको सहकार्यमा स्थापना गरिएको गाउँपालिकास्तरीय विपद् व्यवस्थापन केन्द्र (आपतकालिन आश्रयस्थल) लाई विपद्को समयमा आईपर्ने संकट व्यवस्थापन गर्न थप साधन स्रोत सम्पन्न बनाइनेछ। **(दि.वि.ल. ११.५ र ११ख)**

४.४.७ विपद् महामारी तथा आपतकालिन संकटको तत्कालै व्यवस्थाको लागि वडा स्तरमा विपद् Emergency Response Team गठन गरिनेछ। अति प्रभावित व्यक्तिहरुलाई खाद्यान्न, स्वास्थ्य सामाग्री एवम् अन्य आवश्यकीय सामाग्रीहरुको व्यवस्थापन गरिनेछ।

## <u>५. सुशासन तथा संस्थागत विकास</u>

### ५.१ शासन प्रणाली, कानुनी प्रक्रिया तथा न्यायिक निरुपण

५.१.१ गाउँसभाद्वारा पारित ऐन तथा गाउँ कार्यपालिकाद्वारा बनाईएका नियमावली एवम् स्थानीय कानूनहरुको एकिकृत रुपमा सफ्टवयरमा अभिलेखन गरी आवश्यकतानुसार कानून संग्रह प्रकाशित गरिने छ।

५.१.२ न्यायिक समितिबाट सम्पादन हुने न्यायिक निरुपणका कार्यहरु यथाशिघ्र गर्न गराउन पुर्वाधार सम्पन्न न्यायिक निरुपण कक्ष बनाउने नीति अपनाइने छ ।

५.१.३ गाउँपालिकाका सवै वडाहरुमा गठन भएका वडास्तरीय मेलमिलाप केन्द्रको क्षमता बृद्धि गरी वडा तहमै न्याय निरुपण गर्ने नीति लाई थप प्रभावकारी बनाइनेछ।

५.१.४ न्यायिक समितिको क्षेत्राधिकार भित्र परेका निवेदनहरुको सम्बन्धित वडास्तरीय मेलमिलाप केन्द्र तथा न्यायिक समितिबाट न्यायिक निरुपण गर्न गराउन प्रदेश सरकारसँगको सहकार्यमा न्यायिक सहजकर्ताको व्यवस्था गरिनेछ।

५.१.५ न्यायिक समितिबाट प्रदान गरिने सेवाको वारेमा कानूनी सचेतना टोल टोलमा गई प्रत्येक नागरिकलाई पुऱ्याइनेछ।

५.१.६ न्यायिक सेवामा प्रत्येक नागरिकको सरल र सहज पहुँच पुऱ्याइनेछ।

५.१.७ स्थानीय तहको अधिकार क्षेत्रका विषयवस्तुमा रही कार्यसम्पादन गर्न आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधिहरु संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी तयार गरिनेछ ।

५.१.८ सार्बजनिक सेवा प्रबाहलाई सरल, चुस्त, दुरुस्त बनाउन एवम् सेवा ग्राहीहरुलाई सहजीकरण प्रदान गर्न **फेदीखोला गाउँपालिकाको नगर प्रहरी सेवा तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९** अनुसार नगर प्रहरी व्यवस्थापन गरीनेछ। साथै सार्बजनिक सम्पत्तीको सुरक्षा, सम्बर्द्धन र संरक्षण गर्न एवम् प्रचलित कानून अनुसारको मर्यादा कायम गर्नमा नागरिकहरुलाई नगर प्रहरीमार्फत सचेतना दिलाउने कार्य गरिनेछ। कानून बमोजिम दण्डनीय कार्य गर्नेलाई दण्ड जरिवानाको भागिदार बनाई सूशासनको प्रवर्द्धन गरिनेछ।

५.१.९ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना २०७७/०७८-२०८१/०८२ मा व्यवस्था भएका स्थानीय तह पक्षधर हुने कार्ययोजनाका क्रियाकलापहरु सम्पादन गर्न उक्त कार्ययोजनामा भएका काम, कर्तव्य, अधिकार र जिम्मेवारीहरुको आन्तरिकीकरण गरि कार्यान्वयन गर्दै लगिनेछ। साथै फेदीखोला गाउँपालिकास्तरीय कार्यान्वयन अनुगमन समिति, कार्यदल जस्ता संस्थागत संरचनाहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ५.२ क्षमता विकास

५.२.१ जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि आवश्यकतानुसार समय समयमा सूचना र संचार प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी डिजिटल साक्षरता र प्राविधिक दक्षता अभिवृद्धि गराइनेछ ।

५.२.२ सेवा प्रवाहलाई समयानुकुल प्रविधि मैत्री बनाई चुस्त दुरुस्त गराइनेछ। साथै उत्कृष्ट कर्मचारी छनौट तथा प्रोत्साहनको नीतिलाई निरन्तरता दिइनेछ ।

५.२.३ गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबिच साथै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्यसम्पादन सम्झौता गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५.२.४ निरन्तर रुपमा अध्ययन अनुसन्धान एवम् विश्लेषण गरी आवश्यकता र मागका आधारमा जनप्रतिनिधि तथा कर्मचारीको कार्यक्षमता अभिवृद्धि गर्न क्षमता विकास इकाईको स्थापना गरिनेछ। जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकास योजना तयार गरी क्षमता विकास इकाई मार्फत कार्यान्वयनमा लगिनेछ ।

५.२.५ प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन, राजस्व संकलन तथा सह लगानीका योजनामा अन्तर स्थानीय तह सहकार्य र समन्वयलाई प्राथमिकता दिइनेछ

५.२.६ सिमाना जोडिएका स्थानीय तहहरुसँग सहकार्य गरी अन्तरसम्बन्धित साझा सरोकारका विषयहरुमा लाभ लिन संयुक्त समन्वयात्मक बैठक बसी आवश्यक समितिहरु र उपयुक्त प्राविधिक कार्यदल गठन गरिनेछ।

५.२.७ संघीय र प्रदेशस्तरका आयोजना कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग गर्ने विषयमा अन्तर सरकारी समन्वय तथा सहजिकरणका लागि सोही अनुसार संरचनाहरु गठन गरिने नीति लिईनेछ।

**५.३ सुशासन र पारदर्शिता**

५.३.१ गाउँ कार्यपालिका कार्यालय र अन्तरगतका निकायहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित आन्तरिक नियन्त्रण प्रणालीको माध्यमबाट प्रक्रियागत सरलीकरण, न्यून कागजात र निर्दिष्ट समय तालिकामा उपलब्ध हुने गरी सुनिश्चित गरिनेछ ।

५.३.२ नवप्रवर्तन कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाका सबै कार्यालयहरुमा स्थापित प्रविधिमैत्री सेवा प्रणालीलाई गुणस्तरीय बनाई दिगोपना दिइनेछ।

५.३.३ गाउँपालिकाबाट सम्पादित कामहरुको जनस्तरबाट भौतिक, वित्तिय एवम् सामाजिक लेखाजोखाको लागि नियमित सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५.३.४ गाउँपालिकाबाट सम्पादित सबै कार्यक्रम, संकलित राजस्व, जिन्सी तथा योजनागत प्रगति विवरणलाई नियमित रुपमा सार्वजनिक गर्न एकिकृत गराई डिजिटल डिस्प्लेमार्फत सार्वजनिक गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५.३.५ कर प्रणालीलाई पेपरलेस बनाउने उद्देश्यले सञ्चालित अनलाइन प्रविधिको नियमन तथा परिमार्जन गरी सेवा प्रवाह थप प्रभावकारी बनाईनेछ।

५.३.६ भुक्तानी प्रणालीलाई मितव्ययी र पारदर्शी बनाउन सेवा प्रदायक एवम् लाभग्राहीको बैङ्क खातामा सोझै रकम जम्मा हुने कार्य (Electronic Fund Transfer) पूर्ण रुपमा लागु गरिएको कार्यलाई निरन्तरता दिइनेछ।

## ५.४ सूचना प्रविधि तथा सञ्चार माध्यम

५.४.१ प्रदेश सरकारसँगको साझेदारीमा गत बर्ष सम्पन्न प्रविधिमैत्री सेवा प्रवाह र डिजिटलाइज्ड फेदीखोला प्रणालीको गुणात्मक प्रयोग गरिनेछ। **(दि.वि.ल. ९ग)**

५.४.२ सडक सुरक्षा प्रयोजनका लागि कुभिण्डेदेखि भालुपहाडसम्म राखिएका CCTV क्यामेरा एवम् प्रहरी चौकी फेदीखोलामा रहेको सर्भरको मर्मत, सम्भार तथा दिगोपनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। साथै थप सबलिकरणका लागि प्रदेश सरकार र गाउँपालिका बिचको लागत साझेदारीमा सञ्चालित आवश्यक बजेट विनियोजन गरी संस्थागत गरिन्छ।

## ५.५ शान्ति तथा सु-व्यवस्था

५.५.१ गाउँपालिका केन्द्र र सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा सिसि क्यामेरा जडान गरी सुरक्षा व्यवस्थापनमा सहयोग र समन्वय गरिनेछ।

५.५.२ सुरक्षा निकायसँग निरन्तररुपमा संवाद, समन्वय र सहकार्य गरी सामाजिक हिंसा, चोरी, लागु औषध तथा अन्य अपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गरिनेछ।

५.५.३ सिद्धार्थ राजमार्गको कुभिण्डेदेखि भालुपहाडसम्म राखिएका ANPR (Automatic Number Plate Recognition), PTZ (Pan, Tilt and Zoom) र कलरभ्यु क्यामेरा सहितको System प्रहरी चौकी फेदीखोलालाई हस्तान्तरण गरी दिगोपना तथा संस्थागत गरिनेछ

## ५.६ योजना तर्जुमा र कार्यान्वयन

५.६.१ फेदीखोला गाउँपालिकाको दिगो विकास योजना तथा नीति तर्जुमा गर्न एवम् नीति तथा कार्यक्रमहरुको कार्यन्वयनमा सहजिकरण गर्नका लागि स्थानीय नीति तथा

योजना आयोग गठनमा आवश्यक समन्वय गरिनेछ।

५.६.२ **फेदीखोला गाउँपालिकाको एकिकृत २० वर्षे गुरुयोजना (२०७८/०७९-२०९७/०९८)** ले तय गरेका लक्ष्य हासिल गर्न आवधिक विकास योजना, मध्यकालिन खर्च संरचना, क्षमता विकास योजना तयार गरी वार्षिक रुपमा योजना तर्जुमा, छनौट र कार्यान्वयन गरिनेछ।

## ५.७ राजस्व परिचालन तथा वित्तिय व्यवस्थापन

५.७.१ गाउँपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धि गर्न आन्तरिक आयका स्रोत र क्षेत्रहरुको दायरा फराकिलो बनाउँदै थप सम्भाव्य आएका स्रोतहरुको पहिचान गरी गत वर्ष तर्जुमा गरिएको आन्तरिक राजश्व सुधार कार्ययोजना (२०७९/०८०-२०८२/०८३) को कायान्वयन गरी आन्तरिक आयमा उल्लेखनीय सुधार गरिनेछ।

५.७.२ करको दायरामा समेटिएका व्यवसायलाई गाउँपालिकाले दिने सेवामा प्रोत्साहन तथा सहुलियत एवम् विद्युतीय माध्यमबाट कर, सेवा दस्तुर महशुल बुझाउने सेवाग्राहीहरुलाई छुट दिने तथा करछली गर्नेलाई निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५.७.३ कर तिर्ने समयावधिलाई व्यवस्थित गर्न छुट र बिलम्ब शुल्कलाई कडाईको साथ लागु गरिनेछ भने आवश्यकता अनुसार कर संकलन तथा सेवा प्रवाहको लागि घुम्ती सेवा सञ्चालन गरिनेछ।

## ५.८. बेरुजु, लेखापालन र लेखापरीक्षण

५.८.१ आन्तरिक लेखा परीक्षण प्रणालीलाई व्यवस्थित र प्रभाबकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरी बेरुजु फर्छ्यौटलाई प्रभावकारी बनाई शुन्यमा झार्ने नीति लिइने छ।

५.८.२ भूमिकर तथा सम्पत्ती कर बुझाउन छुट भएका जग्गादातालाई भूमिकरको दायरामा ल्याईनेछ। दिगो र फराकिलो कर नीतिको अवलम्वन गर्दै सबै नागरिक करको दायरामा समेटी आन्तरिक राजश्वमा बृद्धि गराई सुशासनमा टेवा दिइनेछ ।

## ५.९ तथ्यांक प्रणाली

५.९.१ गाउँपालिकाको सम्पूर्ण पक्षको तथ्यांक एवम् सामाजिक, आर्थिक, पर्यावरणीय, सांस्कृतिक लगायत अन्तरसम्बन्धित क्षेत्रहरुको बारेमा संकलित सूचना तथा तथ्याङ्कलाई गुणस्तरीय, समसामयीक र विश्वसनीय बनाई सुरक्षित व्याकअप सहितको फेदीखोला डाटा बैंकको नीतिलाई निरन्तरता दिई अद्यावधिक गरी राखिनेछ।

५.९.२ व्यक्तिगत घटना दर्ता प्रणाली अन्तरगत अघिका वर्षहरुमा भएका घटना दर्ताका सम्पूर्ण अभिलेखहरुलाई डिजिटाइजेशन गरी सकिएको र अनलाईन व्यक्तिगत घटना दर्तालाई निरन्तरता दिइनेछ । आगामी आर्थिक बर्ष देखि सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको वायोमेट्रिक्स स्क्यानर मार्फत विवरण अद्यावधिक गर्दै राष्ट्रिय परिचयपत्र नम्वरलाई पनि प्रणालीमा आवद्ध गरिनेछ।

५.९.३ गाउँपालिकाको विभिन्न क्षेत्र संग सम्वन्धी तथ्यांकहरु संकलन गर्ने, संकलित तथ्यांकलाई आधुनिक प्रविधिबाट अद्यावधिक गर्दै अभिलेख सुरक्षित तरिकाले व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५.९.४ दिगो विकासका विविध क्षेत्रहरुमा निरन्तर रुपमा अध्ययन तथा अनुसन्धान गरी वैज्ञानिक तथ्य, तथ्याङ्क र पृष्ठपोषणका आधारमा विकास निर्माण कार्यलाई अघि बढाईनेछ।

गाउँसभाका सदस्यज्यूहरु

राष्ट्रिय समृद्धिको जराधार मानिएको स्थानीय तहको गुणात्मक सेवा प्रबाह प्रणाली साथै सबल अर्थतन्त्रको गतिशिलता सँगै नागरिकको सशक्त उपस्थिती सहितको सहभागितामुलक लोकतन्त्रको अभ्यास नै उपयुक्त प्रणाली हुन्छ। जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकारका हामी जनप्रतिनीधिहरुको सामुहिक प्रयत्न

र एकाकार विवेकी दुरदर्शिताले मात्र जनताको अपेक्षालाई सम्बोधन गर्दै **समृद्ध फेदीखोला सुखी फेदीखोलाबासी** परिकल्पना निर्माणको अभियानलाई **फेदीखोला गाउँपालिकाको २० वर्षिय एकिकृत विकास गुरुयोजना (२०७८/०७९-२०९७/०९८)** को सशक्त कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। झिना, मसिना, वितरणमुखी र कनिका छराई प्रवृतिको बजेट तथा कार्यक्रमलाई वडास्तरदेखि नै निरुत्साहित गरी दीर्घकालिन योजना र सोचको अभ्यास गर्नुपर्ने दायित्वबोध हामी सबैले समानरुपमा मनन गर्नु नै पर्दछ। फेदीखोला गाउँपालिकावासी जनता बिच हामीले गरेका प्रतिबद्धता, बाँडेका सपनालाई निरन्तर स्मरण गर्दै समृद्ध फेदीखोला निर्माणको उद्देश्यका साथ तर्जुमा गरिएको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय संघसंस्था, समुदाय, राजनीतिक दलसँग सहकार्य, सहयोग एवम् समन्वयको अपेक्षा गर्दछु ।

आषाढ ९, २०८१

घनश्याम सुवेदी
अध्यक्ष